श्री

# जिल्ला समन्वय समिति, लमजुङ

वातावरणमैत्री सार्वजनिक कार्यालय घोषणा कार्यक्रम
२०७४ असोज ३१ गते ।

नेपाल सरकार वातावरणमैत्री स्थानीय शासन प्रारुप (EFLGF) २०७० मा व्यवस्था भएका सार्वजनिक कार्यालयका वातावरणमैत्री सूचकहरुको सम्बन्धमा मापन अनुगमन प्राविधिक उप समितिको प्रविवेदन समेतका आधारमा वातावरणमैत्री शासन जिल्ला समन्वय समिति लमजुङको मिति २०७४ असोज २५ गतेको निर्णय वमोजिम जिल्ला समन्वय समितिको कार्यालय लमजुङलाई वातावरणमैत्री कार्यालय घोषणा गरिएको छ ।

## वातावरणमैत्री कार्यालयको दिगोपनाको लागि जिल्ला समन्वय समिति लमजुङको प्रतिवद्धता

१. हामी कार्यालय पसिसर तथा परिसरभित्र रहेका, प्रशासकीय भवन, हल तथा शौचालयहरुको दैनिक रुपमा सरसफाई गर्नेछौं तथा कार्यालय हाताभित्र कुनै पनि फोहरजन्य बस्तु रहन दिने छैनौं ।
२. हामी शौचालयहरुमा पानीको प्रवन्ध मिलाउनेछौं तथा साबुन र हात धुने पानीको नियमित व्यवस्था मिलाउने छौं ।
३. हामी कार्यालय परिसरमा अनावश्यक थोत्रा सामान राख्ने छैनौं तथा जथाभावी पोष्टर तथा अनावश्यक भित्ते लेखन गर्न दिने छैनौं ।
४. हामी आफ्नो कार्यालय भवन, हल तथा पर्खालहरुको वर्षमा एकपटक रंगरोगन गर्नेछौं ।
५. हामी कार्यालय परिसरभित्र रहेको खाली स्थानमा फूल, विरुवा दुवो सहितको सुन्दर बगैंचा निर्माण गरी सो बगैंचाको नियमित हेरचाह, रेखदेख गर्नेछौं ।
६. हामी कार्यालय परिसरमा बहुबर्षे रुख हुर्काउनेछौं र हरियाली प्रवर्द्धन गर्नेछौं ।
७. हामी कार्यालयको फोहोरलाई सड्ने र नसड्नेमा बर्गिकरण गरी सड्ने फोहरलाई कार्यालय हाताभित्रै मल बनाउनेछौं । प्लाष्टिकलाई छुट्टै जम्मा गरिनेछ । अन्य फोहरहरुको उचित विसर्जन मिलाउनेछौं ।
८. हामी मापदण्ड बाहिरका प्लाष्टिकका झोला, कप प्रयोगमा ल्याउने/ल्याउन दिने छैनौं ।
९. कार्यालयमा विद्युतको लागि डिजेल/पेट्रोलजन्य उपकरणको सट्टा सोलार ऊर्जा प्रयोगमा ल्याउनेछौं ।
१०. हामी पुराना तथा प्रयोगमा आउन नसक्ने सवारी साधनको लिलाम विक्री गर्नेछौं ।
११. हामी हाम्रो चमेना गृह सफासुग्घर राख्नेछौं । कार्यालय तथा चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था मिलाउनेछौं ।
१२. कार्यालयले खाजा खाने समय निश्चित गर्नेछ तथा कार्यकक्षमा बसेर खाजा खाने छैनौं ।
१३. चमेनागृहमा सामानहरुको मूल्य सूची हरेक दिन टाँसिनेछ ।
१४. हामी सरसफाईमा संलग्न हुने कर्मचारी तथा अन्य कर्मचारी तथा चमेनागृहका जनशक्तिलाई समय समयमा सरसफाई सम्बन्धी अभिमुखीकरण गर्नेछौं ।
१५. हामी वातावरणमैत्री कार्य गर्ने जुनसुकै व्यक्ति, समुदाय वा संस्थालाई सम्मान र सहयोग गर्नेछौं ।